ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:- २०८१/०८२
चलानी नं.:-
मिति:- २०८१/११/०६

## वडा कार्यालय मार्फत बेरोजगार व्यक्ति सूचीकरण गर्ने बारेको सूचना

**सूचना प्रकाशित मिति: २०८१/११/०६**

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभूत गराउन तोकिएको मापदण्ड पूरा गरेका नेपाली नागरिकले रोजगारीको हक सम्बन्धी ऐनको दफा ११, रोजगारीको हक सम्बन्धी (संशोधित) नियमावली,२०७७ को नियम ७ को उपनियम (१) र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा १८(१) बमोजिम आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा फागुन मसान्तसम्म आ.व. २०८२/०८३ को लागि आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**निवेदन पेश गर्दा ध्यान दिनु ध्यान दिनुपर्ने कुराहरू (न्युनतम रोजगारीमा संलग्न हुनेले सबै बुंदा र अन्यले बुंदा नं. ५, ६ र ७)**

१. एक परिवारमा एकभन्दा बढी बेरोजगार व्यक्ति भएको अवस्थामा छुट्टाछुट्टै निवेदन फारम पेश गर्नुपर्ने।
२. १८ बर्ष पूरा भई ५९ बर्ष १०० दिनको रोजगारीमा संलग्न हुन नसक्ने व्यक्तिहरू
३. निवेदक लगायत परिवारका सम्पूर्ण सदस्यको नाम, नागरिकता नं., जारी मिति र जिल्ला लगायतका सम्पूर्ण विवरण अनिवार्य रूपमा भर्नुपर्ने।
४. प्रत्येक निवेदनहरू वडा कार्यालयबाट रूजु भई वडा कार्यालयबाट प्रमाणित भएको हुनुपर्ने छ।
५. फारम वडा कार्यालयमा निशुल्क उपलब्ध हुन्छ वा ढोरपाटन नगरपालिकाको वेबसाइट https://shorturl.at/eAlYx बाट प्राप्त गर्न सकिने छ।
६. आवेदनमा माग गरिएको सम्पूर्ण विवरण अनिवार्य रूपमा भर्नुपर्ने छ।

नगरपालिकाको रोजगार सम्बन्धी तथ्याङ्क अध्यावधिक गर्ने र नीति निर्माणको लागि लगत राख्ने प्रयोजनको लागि श्रम तथा रोजगार शाखा मार्फत निम्न क्षेत्रका रोजगार वा रोजगारमूलक सम्भावना खोजकर्ता तथा रोजगारदाताको समेत सूचीकरण गरिने कुरा सरोकारवालाको जानकारीको लागि सूचित गरिन्छ।

| सूचीकरणको प्रकार | फारम पाईने र बुझाउने स्थान | लक्षित वर्ग |
|---|---|---|
| रोजगारदाता | नगरपालिकाको श्रम तथा रोजगार शाखा | एक भन्दा बढी रोजगारी दिएका व्यक्ति तथा संस्था |
| आन्तरिक रोजगार खोजकर्ता | नगरपालिकको श्रम तथा रोजगार शाखा | देश भित्रै रोजगारीका अवसर खोजी गर्ने व्यक्ति |
| रिटर्नी | नगरपालिकको श्रम तथा रोजगार शाखा | वैदेशिक रोजगारीबाट ज्ञान, सीप, अनुभव वा पूँजी प्राप्त गरी स्थायी रूपमै फर्किएका र नेपालमै आयआर्जन गर्न चाहने व्यक्ति। |

हिरालाल खनाल
रोजगार संयोजक

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत